| | | | | |
|---|---|---|---|---|
| च) | योजना जाँचपास र फरफारक | जेठ मसान्तभित्र | | |
| छ) | सम्पन्न योजना उपभोक्ता समितिलाई हस्तान्तरण | आषाढ मसान्तभित्र | | |
| ६ | **प्रगति प्रतिवेदन** | | **शाखा तथा वडाबाट प्रतिवेदन** | |
| क) | प्रथम चौमासिक प्रगति प्रतिवेदन | मंसिर ७ गतेभित्र | ३ गतेभित्र | कार्यालय |
| ख) | दोस्रो चौमासिक प्रगति प्रतिवेदन | चैत्र ७ गतेभित्र | ३ गतेभित्र | कार्यालय |
| ग) | तेस्रो चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन | श्रावण १५ गतेभित्र | ७ गतेभित्र | कार्यालय |
| ७ | प्रकाशन | | | |
| क) | साप्ताहिक गतिविधि प्रकाशन | सोमबार | शनिबार | |
| ख) | भूमे बुलेटिन | १५ गतेभित्र | ३ गतेभित्र | |
| ग) | जर्नल | मंसिर र जेठ | एक महिना पहिले | |

**निर्णय नं. ३**

प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा सबै वडा तथा शाखाहरुले आआफ्नो योजना तथा कार्यक्रम कार्यान्वयनका लागि श्रावण मसान्तभित्र कार्यक्रम कार्यान्वयन तालिका र मार्गदर्शन तयार गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ का सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्दा विषयगत तथा वडागत रुपमा भएका योजना तथा कार्यक्रमहरुको तोकिएको ढाँचामा विवरणका साथै लाभग्राहीको विवरण समेत समावेश गरेर प्रकाशन गर्ने । आगामी आर्थिक वर्षदेखि प्रगति प्रतिवेदनलाई व्यवस्थापन प्रणालीमा अद्यावधिक तथा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ५**

प्रस्ताव नं ५ का सम्बन्धमा छलफल गर्दा सार्वजनिक पद धारण गरेको पदाधिकारीहरुले पेश गर्नुपर्ने सम्पत्ति विवरण व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी तोकिएको अवधिभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइसक्नु पर्ने भएकाले श्रावण १५ भित्रै गाउँपालिका कार्यालयमा आइपुग्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ६**

प्रस्ताव नं ६ का सम्बन्धमा छलफल गर्दा कर्मचारीहरुले नियमानुसार भर्नुपर्ने कार्यसम्पादन मूल्याङ्कन फाराम श्रावण मसान्तभित्र दर्ता गरिसक्नुपर्ने भएकाले प्रशासन तथा योजना शाखाले आवश्यक व्यवस्था मिलाउने ।